# सिरीजङ्घा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
तेल्लोक, ताप्लेजुङ

# आन्तरिक आय ठेक्का बन्दोबस्तको लागि सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७६/०५/२७

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ उपदफा (१) को देहाय (च) बमोजिमको प्राकृतिक श्रोत (नदिजन्य पदार्थ) मा प्रदेश सरकारले कर निर्धारण गरे अनुसार उत्खनन, सङ्कलन र बिक्रि कार्यमा कर लगाई गाउँपालिकाले उक्त कर सङ्कलन गर्ने व्यवस्था गरेको, १ नं. प्रदेश सरकारको अर्थ सम्बन्धी विधेयक, २०७६ को दफा ८ को अनुसुची ५ बमोजिमको नदिजन्य पदार्थको उत्खनन, सङ्कलन तथा निकासी वापतको कर तथा यस गाउँपालिकाको आर्थिक ऐन, २०७६ को दफा १३ बमोजिम चालु आ.व. २०७६/०७७ को लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) स्वीकृत स्थानहरुबाट तोकिएको परिमाणमा नदिजन्य पदार्थ विक्रि तथा निकासीमा कर सङ्कलन कार्य ठेक्का बन्दोबस्त गरी सिलबन्दी बोलपत्रको प्रक्रियाबाट गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

**आय ठेक्का विवरण**

| क्र. सं. | ठेक्का नं. | ठेक्काको किसिम | IEE प्रतिवेदनका आधारमा उत्खनन गरिने स्थान | ठेक्काको न्युनतम कुल ठेक्का रकम (मु.अ.क. बाहेक) रु. | विड बण्डको अवधी | बोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | राजश्व-०१-०७६/०७७ | ढुङ्गा, गिटी, बालुवा, रोडा बिक्रि तथा निकासी शुल्क | काबेली र तावा नदीको दोभान, काबेली खोला पञ्चमी, फावाखोला साजु दोभान र सिम्बु कुञ्जारी बगर, काबेली हप्पु खोला र भाङटार बगर (गा.पा. अन्तरगत पर्ने क्षेत्र) | १०,०९,२४८।०८ (दश लाख नौ हजार दुई सय अठ्चालिस पैसा आठ मात्र) | १२० दिन | १,०००।- (एक हजार मात्र) | |

**ठेक्का सम्बनधी शर्तहरुः**

१. प्रचलित नेपाल कानुन बमोजिम दर्ता भई प्रमाणपत्र लिईएका व्यक्ति, फर्म वा कम्पनी संस्थाहरुले फाराम खरिद गरी सूचना बमोजिमको शर्तका आधारमा दाखिला गर्न पाउने छन ।

२. बोलपत्र फाराम खरिद गर्न आ.व. २०७५/०७६ मा नविकरण भएको प्रमाणपत्र, मुल्य अभीवृद्दि करमा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७५/०७६ को आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु सहित बोलपत्र खरिदको लागि निवेदन पेश गर्नुपर्ने छ ।

३. यो सूचना स्थानीय दैनिक पत्रिकामा प्रकाशित भएको मितीले १५ औ दिनको कार्यालय समय भित्र सिलबन्दी बोलपत्र फाराम खरिद गरी १६औ दिनको दिउसो १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरि सक्नुपर्ने छ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट हुनेछ ।

४. यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउँपत्रहरु १६ औ दिनको २:०० बजे भित्र कार्यालयको प्रतिनिधीहरु र सिलबन्दी दरभाउपत्रदाताहरुको रोहवरमा खोलिने छ तर सिलबन्दी दरभाउपत्रदाताहरु अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. जसको नाममा दरभाउपत्र खरिद गरिएको हो सोहि फर्म वा कम्पनीको नामबाट मात्र दाखिला गर्नुपर्ने छ । यस कार्यालयबाट प्रमाणित नभएका दरभाउपत्रलाई मान्यता दिईने छैन र सोको छाँयाप्रति पनि स्वीकार्य हुने छैन ।

६. दरभाउपत्र फाराममा आफुले कबोल गरेको दररेट अंक र अक्षरमा स्पस्ट उल्लेख गरेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

७. सिलबन्दी दरभाउपत्रदाताले नियमानुसार आफुले कबोल गरेको अंकको भए ५% ले हुन आउने रकम सिरीजङ्घा गाउँपालिकाको नेपाल बैंक लिमिटेड, ताप्लेजुङ स्थित धरौटी खाता नं. ०६२०३००००००००३०००६० मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मन्यता प्राप्त बैंकले दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद अवधी रहने गरी जारी गरेको बैंक जमानत पेश गर्नु पर्नछ ।

८. ठेक्का स्वीकृत भए पछि धरौटी वापत स्वीकृत ठेक्का अंक बराबरको नियमानुसारको नगदै रकम यस कार्यालयको ने.बैं.लि. ताप्लेजुङ खाता नं. ०६२०३००००००००३०००६० धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा तेह्र महिना अवधी म्याद भएको बैंक जमानतपत्र (बैंक ग्यारेण्टी) पेश गरी सम्झौताको लागि यस कार्यालयमा उपस्थित हुने पर्ने छ ।

९. ठेक्का स्वीकृत भए पश्चात सम्झौताका बखत आफुले कबोल गरेको ठेक्का अंकले १३% हुने रकम एकमुष्ठ मुल्य अभिवृद्दि कर (VAT) (सबै प्रकारको ठेक्का व्यवसायमा लाग्ने मू.अ.कर) आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको सक्कलै बैंक भौचर पेश गरे पश्चात वा यस कार्यालयमा सो मुल्य अभिवृद्दि कर (VAT) वापतको रकम एकमुष्ठ बुझाई सके पछि मात्र ठेक्का सम्झौता गरिने छ ।

१०. ठेक्का अवधी ठेक्का सम्झौता भएको मितिबाट २०७७ जेष्ठ मसान्त सम्म रहने छ ।

११. ठेक्का कबोल रकम दुई किस्तामा बुझाउनु पर्नेछ । सम्पूर्ण ठेक्काको ६०% रकम एकमुष्ठ ठेक्का सम्झौता बखत जम्मा गर्नुपर्ने छ । बाँकि मध्ये दोस्रो किस्ता ४०% रकम २०७६ फागुन मसान्त भित्र बुझाउनु पर्नेछ । तोकिएको किस्ता म्याद भित्र नबुझाएमा यस कार्यालयको खातामा राखेको धरौती, परफर्मेन्स बण्ड तथा धितो जमानतबाट असुली गरिने छ ।

१२. नेपाल सरकार र यस सिरीजङ्घा गाउँपालिकाले समय समयमा दिएको निर्देशन पूर्णरुपमा पालना गर्नुपर्नेछ । ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा प्रचलित ऐन नियम तथा सम्झौताको परिधीभित्र रहि सिरीजङ्घा गाउँपालिकाको कार्यालय, ताप्लेजुङको निर्णय अन्तिम र मान्य हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१३. न्युनतम ठेक्का अंकभन्दा घटी कबोल गरी सिलबन्दी बोलपत्र पेश गर्न पाइने छैन, साथै ठेकेदारबाट कुनै शर्त राखिएको वा रित नपुगेको सिलबन्दी बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।

१४. ठेक्का कबोल गर्ने ठेकेदारले दररेट सहितको साईनबोर्ड सम्बन्धित सङ्कलन केन्द्रमा देखिने गरि राख्नु पर्नेछ ।

१५. ठेक्का कबोल गर्ने ठेकेदारले सिरीजङ्घा गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने नगदी रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालयमा छपाईको लगत रसिद नियन्त्रण खातामा दाखिला गरेर मात्र कर दस्तुर संकलन गर्ने कार्यमा प्रयोग गर्नु पर्ने छ । साथै प्रयोग भएका रसिदहरुका विवरण कार्यालयले माग गरेमा एक/एक प्रति उपलब्ध गराउनु ठेकेदारको कर्तव्य हुनेछ ।

१६. वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ तथा नियमावली, २०५४ को परिच्छेद २ बमोजिम EIA सम्बन्धी विषयहरु यस ठेक्काको सर्त मानी दुवै पक्षबाट पालना गरिने छ ।

१७. ठेक्का समाप्त भई कर चुक्ता पेश गरे पछी धरौटी बापतको रकम नियमानुसार फिर्ता गरिनेछ ।

१८. यस गाउँपालिकामा बक्यौता तिर्न बाँकी रहेको ब्यक्ति, फर्म वा कम्पनीहरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म सिलबन्दी दरभाउपत्रमा भाग लिन पाउने छैन ।

१९. ढुङ्गा गिटी, बालुवा, ग्रावेल रोडा पुलको दाँया वायाँ (Up stream/Down Stream) ५०० मि., वन क्षेत्र र कुनै व्यक्तिको घर जग्गा कुलो बाँध आदिबाट निकाल्न पाईने छैन ।

२०. ठेक्का सञ्चालनको सिलसिलामा नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पुर्ण कर, दस्तुर, शुल्क आदि ठेकेदार स्वयमले बुझाउनु पर्नेछ । उक्त रकम ठेक्का अंकबाट कटाउन पाईने छैन । ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा असुल हुन बाँकि रकममा १०% ब्याज जोडि असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधीको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरेभन्दा कम रकम उठन गएमा सो कम रकम पनि पुर्व ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२१. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२२. माधि उल्लेखित सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने अधिकार यस गाउँपालिकामा सुरक्षित रहने छ ।

२३. उल्लेखित तोकिएको उत्खनन क्षेत्र भित्र बाहेक गाउँपालिकाले जुनसुकै क्षेत्रबाट खानीजन्य स्रोत वस्तुहरुको संकलन भई उपयोग भएको भएमा समेत कर दस्तुर लाग्नेछ ।

२४. सिलबन्दी दरभाउपत्र सम्वन्दी शर्तहरु तथा दररेट सम्बन्धी विस्तृत विवरण यस कार्यालयको वेबसाईट www.sirijanghamun.gov.np बाट पनि हेर्न सकिनेछ । सो सम्बन्धी अन्य कुरा बुझ्न परेमा सिरीजङ्घा गाउँपालिकाको कार्यालय, ताप्लेजुङ फोन नं. ०२१-६९६४९३ मा सम्पर्क राखी बुझ्न सकिने छ ।

**प्रमुख प्रशासकिय अधिकृत**
**सिरीजङ्घा गाउँपालिका**